नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

आ.व. २०७८/०७९ को लागि मसलन्द, छपाई तथा कार्यालय मालसामान आपूर्तिको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथमपटक सूचना प्रकाशित मिति २०७८/०६/०५

यस मन्त्रालयको लागि आ.व. २०७८/०७९ मा आवश्यक पर्ने मसलन्द, छपाई, लगायतका कार्यालय प्रयोजनका विभिन्न सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सप्लायर्सहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस मन्त्रालयबाट दरभाउपत्र खरिद गरी १६औं दिन १२:०० बजेभित्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । दरभाउपत्र पाइने स्थान, दस्तुर, विडवण्ड, पेश गर्ने समय, खोल्ने स्थान लगायतका विस्तृत विवरणसहितको सूचना यस मन्त्रालयको वेभसाइट http://www.moljpa.gov.np/ र सूचना पाटीमा राखिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

२०७८/०६/०४

शाखा अधिकृत

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## सिंहदरबार, काठमाडौं

### प्रथम पटक सूचना प्रकाशित मिति :२०७८।०६।०५

### आ.व. २०७८।०७९ को लागि मसलन्द, छपाई तथा कार्यालय मालसामान आपूर्तिको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

यस मन्त्रालयको लागि आ.व. २०७८।०७९ मा आवश्यक पर्ने मसलन्द, छपाई, लगायतका कार्यालय प्रयोजनका विभिन्न सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सप्लायर्सहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय सम्म मन्त्रालयको स्टोर शाखाबाट खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र रित पूर्वकको सिलबन्दी दरभाउपत्र निम्न शर्तको अधीनमा रही पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र यस मन्त्रालयबाट रु १०००। (अक्षरेपी एक हजार रुपैयाँमात्र, फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । एउटा व्यक्ति फर्म वा संस्थाको नाम खरिद भएको दरभाउपत्र अर्काको नामबाट दाखिला गर्न पाईने छैन ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यक्ति, फर्म वा संस्थाले फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र तथा आ.व. २०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी निवेदन तथा दरभाउपत्र पेश गर्नु पर्नेछ । खामको बाहिरपट्टी मसलन्द, छपाई तथा कार्यालय मालसमान आपूर्ति गर्न सिलबन्दी दरभाउपत्र भनि उल्लेख गर्नु पर्नेछ ।

३. दरभाउपत्रमा उल्लिखित दररेट अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

४. सिलबन्दी दरभाउपत्रमा उल्लेख भएबमोजिम समानहरुको लागि रु ५०,७००।–(अक्षरेपी पचास हजार सात सय रुपैया मात्र) धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालको नाममा राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार शाखामा रहेको धरौटी खाता नं. १९६०१००१०२०३०००० मा यस मन्त्रालयको कोड नं. ३११००३५०१ अर्न्तगत जम्मा गरेको सक्कलै बैंक भौचर अथवा यस मन्त्रालयको नाममा जारी भएको कम्तिमा ७५ दिनको म्याद भएको मान्यताप्राप्त बाणिज्य बैंकहरुबाट जारी भएको बैंक जमानत पत्र (विडबण्ड) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५. प्राप्तभएको सिलबन्दी दरभाउपत्र सोह्रौं दिनको २:०० बजे मन्त्रालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको दिनमा हुनेछ ।

७. प्राप्त दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा रहनेछ । दरभाउपत्रमा उल्लिखित सामानको परिमाणमा मन्त्रालयको आवश्यकता अनुसार घटबढ गर्न तथा कुनै सामान खरिद नगर्न सकिनेछ । यस सम्वन्धी अन्य जानकारीको लागि यस मन्त्रालयमा सम्पर्क राख्न सकिनेछ ।

८. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

शाखा अधिकृत